जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
www.jaleshwortoday.com
# जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि




बर्ष १३ • अंक ३६० • २०८३ कार्तिक १ गते आईतवार • 18 Oct. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# मन्त्री पौडेल र प्रतिनिधिसभा सदस्य झा सहित निजी क्षेत्र तथा होटल व्यवसायीबीच छलफल



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ३१ असोज

जनकपुरधामको पर्यटन प्रवर्द्धन, होटल व्यवसायीले भोगिरहेका समस्या तथा तिनको समाधानका विषयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडक राज पौडेल र प्रतिनिधिसभा सदस्य मनिष झासहित जनकपुरधामको निजी क्षेत्र तथा होटल व्यवसायीबीच छलफल भएको छ । छलफलमा जनकपुरधामलाई धार्मिक तथा सांस्कृतिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा विकास गर्ने, स्वदेशी तथा विदेशी पर्यटकको आगमन बढाउने र होटल व्यवसायलाई व्यवस्थित तथा प्रतिस्पर्धी बनाउने विषयमा विचार विमर्श भएको हो ।

छलफलका क्रममा मन्त्री पौडेलले जनकपुरधामको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्त्वलाई पर्यटन विकाससँग जोड्नुपर्ने विषयमा जोड दिए । जनकपुरधामको पर्यटन सम्भावनालाई आर्थिक समृद्धिको आधार बनाउन आवश्यक पूर्वाधार विकास, पर्यटकमैत्री सेवा तथा निजी क्षेत्रसँगको सहकार्य महत्त्वपूर्ण रहेको उनको भनाइ थियो । त्यस्तै, प्रतिनिधिसभा सदस्य झाले जनकपुरधामको पर्यटन क्षेत्रलाई चलायमान बनाउन सरकार, निजी क्षेत्र र स्थानीय सरोकारवालाबीच प्रभावकारी समन्वय आवश्यक रहेको धारणा राखे । पर्यटनसँग सम्बन्धित व्यवसायीका समस्या पहिचान गरी तिनको समाधानका लागि नीतिगत तथा व्यावहारिक पहल गर्नुपर्नेमा उनले जोड दिए । होटल व्यवसायीहरूले व्यवसाय सञ्चालनका क्रममा भोगिरहेका समस्या, पर्यटन क्षेत्रको विद्यमान अवस्था तथा पर्यटकको बसाइ अवधि र खर्च बढाउन आवश्यक उपायबारे छलफलमा विषय उठाएका थिए । जनकपुरधाममा पर्यटकको आगमन बढाउन धार्मिक स्थलहरूको व्यवस्थित प्रवर्द्धन, पर्यटन पूर्वाधारको सुधार, सेवा सुविधाको गुणस्तर वृद्धि र प्रचारप्रसारलाई प्रभावकारी बनाउनुपर्ने विषयमा समेत चर्चा भएको थियो । जनकपुरधाम जानकी मन्दिर, विवाहपञ्चमी, रामजानकी विवाह महोत्सव, छठ तथा मिथिलाको मौलिक कला संस्कृतिका कारण धार्मिक र सांस्कृतिक पर्यटनको महत्त्वपूर्ण केन्द्रका रूपमा परिचित छ । यद्यपि, यस सम्भावनालाई स्थानीय अर्थतन्त्र र रोजगारी विस्तारसँग जोड्न सरकारी योजना तथा निजी क्षेत्रको लगानीबीच प्रभावकारी तालमेल आवश्यक देखिन्छ । पर्यटन क्षेत्रको विकाससँगै होटल, यातायात, हस्तकला, स्थानीय उत्पादन तथा अन्य सेवा व्यवसायमा समेत आर्थिक गतिविधि विस्तार हुने विश्वास गरिएको छ । जनकपुरधामलाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न सरकार र व्यवसायीबीच निरन्तर सहकार्य तथा छलफलमा उठेका विषयको कार्यान्वयन आवश्यक रहेको सरोकारवालाहरूको धारणा छ ।




# जिल्लाको शान्ति सुरक्षा व्यवस्था प्रभावकारी बनाउन प्रशासनद्वारा सुरक्षा सतर्कता

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ३१ असोज

विजयादशमी, दीपावली तथा छठ पर्वलाई लक्षित गर्दै धनुषा जिल्लामा एकीकृत सुरक्षा योजना लागू गरिएको छ । चाडपर्वका समयमा हुन सक्ने अपराधिक गतिविधि नियन्त्रण तथा जिल्लाको शान्ति सुरक्षा व्यवस्था प्रभावकारी बनाउन प्रशासनले सुरक्षा सतर्कता बढाएको हो ।




जिल्लास्थित सुरक्षा निकायका अतिरिक्त गण तथा बाहिनीबाट समेत थप सुरक्षाकर्मी परिचालन गरिएको जिल्ला प्रशासन कार्यालय धनुषाले जनाएको छ । चाडपर्वलाई सुरक्षित, मर्यादित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउने उद्देश्यले सुरक्षा संयन्त्रलाई उच्च सतर्कतामा राखिएको प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले बताए । बडादशैंको महासप्तमीका अवसरमा जनकपुरधामस्थित राजदेवी मन्दिर परिसरमा आयोजित कार्यक्रममा सुरक्षा अवस्थाबारे जानकारी दिँदै उनले जिल्लाको समग्र सुरक्षा व्यवस्था चुस्त बनाइएको उल्लेख गरे । एकीकृत सुरक्षा योजनाअन्तर्गत नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, ट्राफिक प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागको संयुक्त सहभागितामा सुरक्षा परिचालन गरिएको छ । चोरी, लुटपाट, जुवातास, कालोबजारीलगायतका अवाञ्छित गतिविधि नियन्त्रण गर्न जनकपुरधामका संवेदनशील क्षेत्रदेखि ग्रामीण भेगसम्म नियमित गस्ती र आकस्मिक जाँचलाई तीव्रता दिइएको छ । त्यसैगरी, मुख्य धार्मिक स्थल, बजार तथा बढी भीडभाड हुने क्षेत्रमा सादा पोसाकमा समेत सुरक्षाकर्मी परिचालन गरी निगरानी बढाइएको प्रशासनले जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी लुइँटेलले शान्ति सुरक्षामा खलल पुऱ्याउने तथा कानुनविपरीत गतिविधिमा संलग्न हुने जोकोहीलाई नियन्त्रणमा लिएर कानुनी कारबाही गरिने चेतावनी दिए । उनले जिल्लावासीलाई आपसी सद्भाव, भाइचारा र एकता कायम राख्दै चाडपर्व हर्षोल्लासका साथ मनाउन आग्रहसमेत गरेका छन् ।

**धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं**

- चाडपर्व मनाउँदा अनावश्यक तडक-भडक नगरौं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।

सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रखुद्दको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

# नेपालको आधुनिक राजनीति

नेपालको आधुनिक राजनीतिक इतिहासमा अहिलेसम्म कुनै पनि निर्वाचित प्रधानमन्त्रीले आफ्नो पूरा पाँच वर्षको कार्यकाल सफलतापूर्वक सम्पन्न गर्न नसक्नु गम्भीर चिन्ताको विषय बनेका छन । राजनीतिक दलहरूभित्र मौलाएको गुटबन्दी, आन्तरिक फुट र सत्ता कब्जा गर्ने होडबाजीले गर्दा सरकारहरू अत्यन्तै अल्पकालीन र कमजोर हुने गरेको छ। यसरी छिटोछिटो सरकार परिवर्तन भइरहँदा राज्यका नीति तथा कार्यक्रमहरूमा निरन्तरता रहन सक्दैन, जसको प्रत्यक्ष असर देशको समग्र विकास र प्रशासनिक कार्यक्षमतामा परिरहेका छन । दलहरूभित्र आन्तरिक लोकतन्त्रको मर्मअनुसार काम हुनुको सट्टा शीर्ष नेताहरूको एकाधिकार र गुटगत स्वार्थ हाबी भएका छन। पार्टीका आवधिक महाधिवेशनहरू सिद्धान्त र नीतिको बहस गर्ने थलो नभई केवल नेतृत्व निरन्तरता दिने र सत्ताको भागबन्डा मिलाउने कर्मकाण्डी प्रक्रियामा सीमित भएको छ। यसले गर्दा दलहरू जनताका वास्तविक समस्या समाधान गर्न भन्दा पनि आन्तरिक शक्ति सन्तुलन मिलाउनमै व्यस्त रहने गरेको छ। जनताको मनोविज्ञानमा पनि शान्तिपूर्ण तरिकाले समाधान खोज्नुको सट्टा सडक आन्दोलन, नेपाल बन्द र हडतालमार्फत मात्र आफ्ना माग पूरा गराउन सकिन्छ भन्ने गलत विचारले प्रश्रय पाएका छन। यस प्रकारको निरन्तरको अशान्ति र विरोध प्रदर्शनले गर्दा सर्वसाधारणको दैनिकी कष्टकर हुनुका साथै मुलुकको छवि अन्तर्राष्ट्रिय जगतमा नकारात्मक बन्दै गएको देखिन्छ । यसकारण अवको राजनीति स्थायी तथा सकारात्मक क्षविको हुनु पर्दछ।

# मटिहानीमा बडादसैँको महासप्तमीका अवसरमा दुर्गा भवानीको पूजा आरम्भ

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३१ असोज**

महोत्तरीको मटिहानीमा बडादसैँको महासप्तमीका अवसरमा आजदेखि विधिवत् रूपमा दुर्गा भवानीको पूजा आरम्भ भएको छ। यहाँ विगत ५४ वर्षदेखि निरन्तर दुर्गा पूजा हुँदै आएको छ।



मटिहानीस्थित दुर्गा मन्दिर परिसरमा यस वर्ष पनि माटोबाट निर्मित दुर्गा भवानीसहित विभिन्न देवीदेवताका प्रतिमा स्थापना गरी पूजाआजा सुरु गरिएको हो । यहाँको मुख्य आकर्षण करिब २१ फिट लामो माटोबाट निर्मित दुर्गा भवानीको प्रतिमा रहेको छ। प्रतिमाको दर्शन तथा पूजाआजा गर्न स्थानीयसहित विभिन्न जिल्लाबाट आएका श्रद्धालु भक्तजनको भीड लागेको छ।

दुर्गा पूजा विशेष कार्यक्रमका लागि करिब एक महिनादेखि प्रतिमा निर्माणलगायतका तयारी गरिएको थियो। पूजाअवधिभर नित्य पूजा, देवीभागवत पाठ, दुर्गा स्तुति, सांस्कृतिक कार्यक्रम तथा सामूहिक भजनकीर्तन सञ्चालन गरिने आयोजकले जनाएको छ ।

पूजाका क्रममा मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलले मटिहानीमा ५४ वर्षदेखि दुर्गा पूजा हुँदै आएको बताउनुभयो। उहाँका अनुसार सुरुमा सामान्य रूपमा थालिएको पूजा अहिले भव्य स्वरूपमा विस्तार भएको छ।

यसले स्थानीयको धार्मिक आस्था, परम्परा र सांस्कृतिक पहिचानलाई थप सुदृढ बनाएको उहाँले उल्लेख गर्नुभयो । दसैँका अवसरमा दुर्गा मन्दिर परिसरमा पूजाआजासँगै मेला पनि लाग्ने भएकाले स्थानीय व्यापारी, युवायुवती तथा बालबालिकाको चहलपहल बढ्ने अपेक्षा गरिएको छ।

# सोनासती महारानी (सोनामाई) मन्दिरमा परम्परागत विधिअनुसार फूलपाती भित्र्याइयो

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३१ असोज**

महोत्तरीको औरही नगरपालिका-७, भोइलस्थित प्रसिद्ध धार्मिक स्थल सोनासती महारानी ( सोनामाई) मन्दिरमा बडादसैँको सातौँ दिन शनिवार परम्परागत विधिअनुसार फूलपाती भित्र्याइएको छ।



दसैँको महत्त्वपूर्ण धार्मिक अनुष्ठानका रूपमा रहेको फूलपाती भित्र्याउने परम्पराले मन्दिर परिसरमा उत्सवमय वातावरण सिर्जना गरेको छ । दुर्गा पूजाको विशेष महत्त्व बोकेको फूलपातीका अवसरमा श्रद्धालुहरूले माता सोनामाईको दर्शन तथा पूजाअर्चना गरेका छन् । घटस्थापनादेखि विजयादशमीसम्म विशेष पूजाआजा हुने यस मन्दिरमा फूलपाती भित्र्याउने परम्पराले दसैँको धार्मिक तथा सांस्कृतिक महत्त्वलाई थप उजागर गरेको छ।

मिथिला क्षेत्रको प्रसिद्ध धार्मिक स्थलका रूपमा परिचित सोनामाई मन्दिरमा दसैँको चौथीदेखि सप्तमीसम्म विभिन्न स्थानबाट फूलपाती ल्याएर भित्र्याउने परम्परा रहिआएको छ। फूलपाती भित्र्याउने दिनदेखि मन्दिरमा दर्शनार्थीको चहलपहल अझ बढ्ने गर्दछ। यस मन्दिरमा महाअष्टमीका दिन मातालाई घिउ र सिन्दूरले विशेष शृङ्गार गर्नुका साथै बोकाको बलि दिने परम्परा छ। महानवमीका दिन राँगाको बलि दिइन्छ भने विजयादशमीका दिन परम्परागत बाजागाजासहित मन्दिरबाट पुजारीको घरमा डाला लगिएपछि दसैँ मेलाको औपचारिक समापन हुने गर्दछ। यसैबीच, दसैँको चौथीदेखि मन्दिर परिसरमा मिथिलाञ्चलमै चर्चित 'भूत मेला' सुरु भएको छ । मेलामा भूतप्रेत, पिशाच तथा दुष्ट आत्माको प्रभावबाट पीडित भएको ठानिएका व्यक्तिहरू परम्परागत तथा तान्त्रिक विधिबाट उपचार गराउने विश्वासका साथ आउने गर्दछन्। मन्त्र, तन्त्र, जन्तर तथा अन्य परम्परागत विधिबाट उपचार गरिने स्थानीय जनविश्वास छ।

मन्दिरका पुजारी केदार झाका अनुसार सन्तान प्राप्ति तथा अन्य मनोकामना पूरा हुने धार्मिक विश्वासका साथ बर्सेनि हजारौं श्रद्धालु मन्दिरमा भाकल गर्न आउने गर्दछन्।




## तपाईको टुडे

- मेष: मित्रतामा फाटो आउने
- वृष: पिछडेको साथी मिल्ने
- मिथून: मनमा पछुतो आउने
- कर्कट: अनावश्यक खर्चको संभावना
- सिंह: अनावश्यक चिन्ता
- कन्या: लामो यात्राको योग छ
- तुला: शुभ कार्यको शुरुवात
- वृश्चिक: आम्दानी हुने
- धनु: विचार गरेर बोल्नुहोला
- मकर: अशुभ समाचार प्राप्त हुने
- कूम्भ: खानपानमा समस्या आउने
- मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा



| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# चीनको सेन्जेनमा एपीईसी सीईओ शिखर सम्मेलन २०२६ आयोजना हुँदै




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३१ असोज**

एसिया-प्रशान्त क्षेत्रको आर्थिक समृद्धि र सहकार्य प्रवर्द्धन गर्ने उद्देश्यले एपीईसी सीईओ शिखर सम्मेलन २०२६ आगामी नोभेम्बर १७ र १८ मा चीनको ग्वाङ्दोङ प्रान्तस्थित सेन्जेनमा आयोजना हुने भएको छ। 'साझा समृद्धि र सबैका लागि लाभदायी भविष्यको प्रवर्द्धन' नाराका साथ आयोजना हुने सम्मेलनमा एपीईसी सदस्य अर्थतन्त्रका नेताहरू तथा व्यावसायिक प्रतिनिधिहरू सहभागी हुनेछन्।

सम्मेलनमा स्वतन्त्र व्यापार क्षेत्रको विकास, क्षेत्रीय सम्पर्क विस्तार, कृत्रिम बुद्धिमत्ता (एआई), डिजिटल अर्थतन्त्र, ग्रेटर बे एरिया र दिगो विकासका विषयमा छलफल हुनेछ। चीनको अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन परिषद् (सीसीपीआईटी) ले आयोजना गर्ने दुईदिने सम्मेलनले व्यापार सहजीकरण, लगानी विस्तार र औद्योगिक सहकार्यलाई प्राथमिकता दिनेछ। मलेसियाको एसोसिएटेड चाइनिज चेम्बर्स अफ कमर्स एन्ड इन्डस्ट्रीका अध्यक्ष एनजी यी पिङले सम्मेलनले क्षेत्रीय व्यापार तथा आर्थिक गतिविधिलाई सहज बनाउनुका साथै कम्पनीहरूका लागि व्यावसायिक अवसर सिर्जना गर्ने अपेक्षा व्यक्त गरेका छन्। उनले सीमापार व्यापार लागत घटाउन तथा डिजिटल व्यापार, एआई, जनशक्ति विकास र हरित प्रविधिमा सहकार्य बढाउनुपर्नेमा जोड दिए।

सन् १९९६ देखि हरेक वर्ष आयोजना हुँदै आएको एपीईसी सीईओ शिखर सम्मेलन सदस्य अर्थतन्त्रका नेताहरू र व्यावसायिक प्रतिनिधिहरूबीच क्षेत्रीय आर्थिक विकासबारे छलफल गर्ने उच्चस्तरीय मञ्च हो।

# भारत छाड्ने नोटिसपछि इमरान खानको पुनरागमन फिल्म संकटमा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३१ असोज**




भारतीय नागरिकता नभए पनि प्रदर्शनमा सहभागी भएको भन्दै मुम्बई प्रहरीले बलिउड अभिनेता इमरान खानलाई भारत छाड्न नोटिस जारी गरेको छ। उनलाई अक्टोबर २८ भित्र भारत छाड्न भनिएको छ।

बलिउड सुपरस्टार आमिर खानका भान्जा इमरान खानसँग अमेरिकी पासपोर्ट छ। यस नोटिसविरुद्ध इमरान खान बम्बई उच्च अदालत पुग्ने तयारीमा छन्। उनका वकिलले उनी प्रदर्शनको हिस्सा नरहेको दाबी गरेका छन्। यस विवादका बिच अभिनेताको आगामी पुनरागमन फिल्म 'अधूरे हम अधूरे तुम' अप्ठ्यारोमा पर्ने देखिएको छ। मिड-डेको रिपोर्ट अनुसार इमरान खानको कमब्याक फिल्मलाई आगामी डिसेम्बरमा नेटफ्लिक्समा रिलिज गर्ने तयारी थियो। इमरान खान तिहारपछि यस फिल्मको प्रचारप्रसार सुरु गर्ने योजनामा थिए। तर, अब स्थिति स्पष्ट नभएकाले फिल्मको प्रचारप्रसार रोकिएको छ र रिलिज मिति पछि सार्नु नै उत्तम विकल्प हुने बताइएको छ। इमरान खान अन्तिम पटक सन् २०१५ मा प्रदर्शन भएको फिल्म 'कट्टी बट्टी' मा कङ्गना रनौतसँग देखिएका थिए। ११ वर्षपछि उनी फिल्म 'अधूरे हम अधूरे तुम' बाट कमब्याक गर्दैछन्, जसमा उनको साथमा भूमि पेडनेकर मुख्य भूमिकामा छिन्। नोटिसविरुद्ध इमरान खानको कानुनी टोलीले बम्बई उच्च अदालतमा पुनरावेदन दर्ता गर्ने तयारी गरिरहेको छ। यसैबिच भारतीय जनता पार्टी (भाजपा) का प्रवक्ता शेख बाजीले इमरान खानको सहभागिता देशको हितविपरीतका एजेन्डासँग जोडिएको आरोप लगाउँदै यस्ता घटनाक्रममा सतर्क रहनुपर्ने बताएका छन्।

# विभिन्न शक्तिपीठमा शनिबार बाजागाजा सहित फूलपाती भित्र्याईयो

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३१ असोज**



बडादशैंको सातौं दिन सप्तमीका अवसरमा जनकपुरधामस्थित राजदेवी मन्दिर लगायत विभिन्न शक्तिपीठमा शनिबार बाजागाजा सहित फूलपाती भित्र्याइएको छ।

राजदेवी मन्दिरमा नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको सलामीसहित फूलपातीको डोला निकालिएको थियो। त्यसपछि हिन्दु परम्परा अनुसार पूजापाठ गरी बेलको फल टिपेर विधिपूर्वक फूलपाती भित्र्याइएको हो। मिथिलाञ्चलमा फूलपाती भित्र्याउने परम्परालाई 'बेलतोरी' भनिन्छ। यस परम्परा अनुसार राजदेवी मन्दिरबाट बाजागाजासहित निस्किएको भक्तजनहरूको समूहले शक्तिपीठ नजिकै रहेको बेलको रूखमुनि पूजापाठ गरेको थियो।

पूजापछि बेलको फल टिपेर फूलपातीका रूपमा मन्दिरमा भित्र्याइएको हो। मिथिलाञ्चलको धार्मिक तथा सांस्कृतिक परम्परासँग जोडिएको बेलतोरीले दशैंको धार्मिक महत्त्व र स्थानीय मौलिक संस्कृतिलाई प्रतिबिम्बित गर्छ।












# प्रहरी संगठनलाई चुनौतीको भारी



-नेपाल प्रहरीले सात दशकदेखि राजनीतिक संक्रमण, विपद् र अपराधका चुनौतीबीच नागरिकको सुरक्षा तथा कानुनी शासन कायम गर्न अतुलनीय भूमिका खेल्दै आएको छ । तर साइबर अपराध, संघीय संरचनाको अन्योल, राजनीतिक हस्तक्षेप र स्रोत-साधनको अभावले संगठनको व्यावसायिक निष्पक्षतामाथि चुनौती थपेको छ। विश्वास आर्जन गर्न प्रहरीलाई प्रविधिमैत्री, स्वतन्त्र र जवाफदेही बनाउँदै नागरिक-प्रहरी सहकार्य तथा अमर प्रहरीका परिवारप्रतिको राज्यको अभिभावकत्व बलियो बनाउन आवश्यक छ । अपेक्षा फलको छैन, सधैं कर्तव्य चिन्तन- आहुति प्राणको दिने, तिमीमा अभिनन्दन । कानुन बनेर वैधानिक मान्यता पाएदेखि सात दशकयता देश र नागरिकको सेवा गरिरहेको नेपाल प्रहरीका लागि असोज मसान्त विशेष दिन हो । ३१ असोज २०१२ मा प्रहरी ऐन, २०१२ जारी भएको दिनलाई आधार मानेर नेपाल प्रहरीले उक्त दिन प्रहरी दिवस मनाउँदै आएको छ ।

यद्यपि नेपालमा प्रहरी सम्बन्धी काम र संरचना यसअघिदेखि नै अस्तित्वमा थिए । प्रहरी दिवस नियमित रूपमा भने २०५२ देखि मनाउन थालिएको हो । थितिको पालना गराउँदा विधि र कानुनी शासनलाई ध्यान दिनुपर्ने, व्यावसायिकता प्रदर्शन गर्दा राजनीतिक हित र स्वार्थको द्वन्द्वलाई सन्तुलनमा राख्नुपर्ने अभिभारा नेपाल प्रहरीमा हुन्छ । लामो उतारचढावको इतिहास बोकेर मुलुकको आन्तरिक सुरक्षाको मेरुदण्डका रूपमा नेपाल प्रहरीले 'सत्य सेवा सुरक्षणम्' लाई आफ्नो मार्गदर्शक सिद्धान्त मानिआएको छ। यो संगठन सुरक्षा निकाय मात्र होइन, राज्य र नागरिक तथा भूगोल र इतिहासलाई जोड्ने पहिलो र सबैभन्दा बलियो माध्यम हो । विधिको शासन स्थापना गर्न र समाजमा शान्ति-सुरक्षाको अनुभूति गराउन नेपाल प्रहरीले स्थापनाकालदेखि नै खेलेको भूमिका अतुलनीय छ। यसको निष्पक्षता र जवाफदेहीमा बेलाबेला प्रश्न उठ्ने गरेको छ। संगठनले गरिरहेका काम, वर्तमानका चुनौती र अबका दिनमा विश्वास आर्जनका लागि प्रहरी संगठनले खेल्नुपर्ने भूमिकालाई यस लेखमा विश्लेषण गरिएको छ। शान्ति-सुरक्षाको रक्षक, संकटमा सारथिः बितेका सात दशकमा मुलुकमा राजनीतिक व्यवस्था बदलिएर पञ्चायत, बहुदलीय प्रजातन्त्र हुँदै संघीय लोकतान्त्रिक गणतन्त्र आयो । शासकीय स्वरूप बदलिएर एकात्मकबाट संघात्मक भयो । यस अवधिमा समाजको बनोट पनि परिवर्तन भयो ।

तर हरेक राजनीतिक उतारचढाव र संक्रमणकालमा नेपाल प्रहरीले आफ्नो व्यावसायिक धर्मलाई अक्षुण्ण राख्दै आएको छ । नेपाल प्रहरीले नागरिकको जीउधनको सुरक्षा, अपराध नियन्त्रण र देशमा शान्ति सुव्यवस्था कायम राख्ने मुख्य जिम्मेवारी वहन गर्छ। अपराध नियन्त्रण र अनुसन्धानमा नेपाल प्रहरीले विभिन्न विशिष्टीकृत इकाइमार्फत काम गर्दै आएको छ । अपवादका एकाध घटनाबाहेक सीमित स्रोत साधनका बीच जटिल आपराधिक घटनाको सफल अनुसन्धान गरेर प्रहरीले विधिको शासनप्रति नागरिकको भरोसा कायम राखेको छ । राजनीतिक आन्दोलनहरू हुन् वा निर्वाचन, अग्रपंक्तिमा उभिएर शान्ति व्यवस्था कायम राख्ने दायित्व प्रहरीकै काँधमा आउँछ । समाजमा शान्ति र अमनचैन नभई कुनै पनि मुलुकले आर्थिक समृद्धि र विकासको मार्ग समात्न सक्दैन । यो कसीमा राष्ट्र निर्माणको जग बसाल्न प्रहरीको अहोरात्र खटाई महत्त्वपूर्ण छ ।

साइबर अपराध, डिजिटल बैंकिङ ठगी, सामाजिक सञ्जालको दुरुपयोग र अनलाइनमार्फत हुने संगठित अपराध निकै बढेका छन् । यस्ता प्रविधिजन्य अपराधको अनुसन्धान गर्न प्रहरीलाई परम्परागत तरिकाले पुग्दैन । प्रहरी संगठनभित्र प्रविधिमा दक्ष जनशक्ति र आधुनिक डिजिटल ल्याबहरूको अभाव छ ।नेपालले प्राकृतिक विपद्, महामारी जस्ता एकपछि अर्को संकट भोग्दै आएको छ। भूकम्प, बाढी, पहिरो, आगलागी होस् वा कोभिड-१९ को महाव्याधि, जुनसुकै संकटको समयमा नेपाल प्रहरी नागरिकको जीवनरक्षाका लागि पहिलो पंक्तिमा खटिने गरेको छ। जब नागरिक ठूलो प्राकृतिक विपत्तिमा परेर गुहार माग्छन्, तब आफ्नो ज्यानको बाजी राखेर भग्नावशेष खोतल्ने वा बाढीको बीचमा हामफाल्ने प्रहरी नै हो । हालैका वर्षहरूमा आएका विनाशकारी बाढी, पहिरोका घटनामा प्रहरीले प्रदर्शन गरेको साहस र उद्धार कार्य गर्वको लायक छ । संकटका बेला संगठनले गर्ने यही सेवाभावले प्रहरीलाई आमनागरिकको सारथि बनाएको हो । अन्तर्राष्ट्रिय मञ्चमा गौरवमय छवि : नेपाल प्रहरीको पहिचान नेपालको भूगोलभित्र मात्र सीमित छैन । संयुक्त राष्ट्रसंघको आह्वानमा विभिन्न द्वन्द्वग्रस्त मुलुकमा शान्ति स्थापनाका लागि खटिने क्रममा नेपाल प्रहरीले अन्तर्राष्ट्रियस्तरमा उच्च व्यावसायिकता प्रदर्शन गरेको छ ।

हाइटी, सुडान, लाइबेरिया लगायत देशहरूमा नेपाली प्रहरी अधिकारीहरूले प्रदर्शन गरेको अनुशासन, कार्यदक्षता र मानवीय व्यवहारले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको शिर उच्च छ। विभिन्न देशका प्रहरीलाई विश्वव्यापी रूपमा अपराध नियन्त्रणमा सघाउने अन्तर्राष्ट्रिय प्रहरी संगठन 'इन्टरपोल' सँगको समन्वय र सहकार्यमा नेपाल प्रहरीले अन्तरदेशीय र संगठित अपराध नियन्त्रणमा देखाएको सक्रियता पनि उत्तिकै प्रशंसनीय छ। यसले नेपाल प्रहरी अन्तर्राष्ट्रियस्तरको सुरक्षा चुनौती सामना गर्न सक्षम छ भन्ने पुष्टि गर्छ । अमर प्रहरीहरूको बलिदानः प्रहरी दिवसको उत्सव मनाइरहँदा मुलुकको रक्षा र नागरिकको सुरक्षाका लागि प्राणको आहुति दिने अमर प्रहरीहरूको योगदान भुल्न सकिँदैन । कर्तव्य पालनाको सिलसिलामा खटिएका हजारौं प्रहरी जवान तथा अधिकारीले वीरगति प्राप्त गरेका छन् । दुर्गम भेगका कतिपय प्रहरी चौकीहरूमा स्रोत साधनको अभावका बीच कर्तव्य पूरा गर्दागर्दै प्रहरीहरू सहिद भएका छन् । उनीहरूको बलिदानले नै आज नागरिकहरू ढुक्कसँग निदाउन पाएका छन् र समाजमा कानुनी राज चलेको छ । तसर्थ प्रहरी दिवस औपचारिक परेड वा आश्वासन दिनेमा सीमित हुनु हुँदैन, अमर प्रहरीका परिवारजनलाई उचित सम्मान, राहत र राज्यको अभिभावकत्व महसुस गराउने विशेष अवसर पनि बन्नुपर्छ। वर्तमान चुनौतीः इतिहासको गौरव गाथा गाइरहँदा वर्तमानमा नेपाल प्रहरीले सामना गरिरहेका नवीन र जटिल चुनौतीबारे विमर्श गर्नु उत्तिकै आवश्यक छ। आजको युग प्रविधिको हो। प्रविधिको विकाससँगै अपराधको स्वरूप पनि बदलिएको छ। साइबर अपराध, डिजिटल बैंकिङ ठगी, सामाजिक सञ्जालको दुरुपयोग र अनलाइनमार्फत हुने संगठित अपराध निकै बढेका छन् । यस्ता प्रविधिजन्य अपराधको अनुसन्धान गर्न प्रहरीलाई परम्परागत तरिकाले पुग्दैन । प्रहरी संगठनभित्र प्रविधिमा दक्ष जनशक्ति र आधुनिक डिजिटल ल्याबहरूको अभाव छ। अर्कोतर्फ, नेपाल संघीय प्रणालीमा गइसकेको अवस्थामा पनि प्रहरी समायोजन पूर्ण रूपमा टुंगिएको छैन । संघीय र प्रादेशिक संरचनाबीचको समन्वय, अधिकारको बाँडफाँट र सांगठनिक अन्योलले प्रहरीको कार्यसम्पादनमा असर पुऱ्याइरहेको देखिन्छ। यसका साथै, कतिपय अवस्थामा देखिने राजनीतिक हस्तक्षेप, सरुवा-बढुवामा हुने चलखेल र स्रोत-साधनको असमान वितरणले संगठनको व्यावसायिक निष्पक्षतामै प्रश्न उठ्ने गरेको पाटोलाई पनि उपेक्षा गर्न मिल्दैन । आगामी बाटोः गौरवशाली इतिहासको गुणगान गरेर वर्तमानका चुनौती पन्छाउन सकिन्न । प्रहरीलाई कानुन पालनाको स्वतन्त्र पावरहाउस बनाउन सके मात्रै प्रहरीबाट प्राप्त ऊर्जालाई विधिसम्मत ढंगले उपयोग गरी समाजमा थिति बसाल्न सकिन्छ । प्रहरी सरकार मातहतको अंग भए पनि यसले बोक्ने मुद्दा सरोकारवालाको हितसँग जोडिनुपर्छ । यसले नै प्रहरी सेवालाई सर्वस्वीकार्य साधन र सेवाका रूपमा स्थापित गर्छ । नेपाल प्रहरी दिवस एउटा संस्थाको वार्षिकोत्सव मात्र होइन, देशको आन्तरिक सुरक्षाको समीक्षा गर्ने महत्त्वपूर्ण घडी हो यो । विगतमा गरेका गल्ती सुधार्दै र प्राप्त उपलब्धिलाई संस्थागत गर्दै अघि बढ्नु अबको कदम हुनुपर्छ । समाजमा अमनचैन कायम गर्न र कानुनी शासनको प्रत्याभूति दिलाउन नागरिक र प्रहरीबीचको सहकार्यलाई अझ बलियो बनाउनुपर्छ । बदलिँदो समयअनुसार प्रहरीलाई प्रविधिमैत्री र व्यावसायिक बनाउन सके मात्र विधिको शासन बलियो हुनेछ ।

साभार : कान्तिपुर ।










प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday